गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

आज मिति २०८० साल मंसिर १२ गते मंगलबार बिहान १०:०० बजे ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक नं. ०२/०६/२०८०/०८१ गाउँपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीहरुकोच उपस्थितीमा देहायका प्रस्तावमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | गीरेन्द्र बहादुर राई | |
| उपाध्यक्ष | राजेश कुमार राजभण्डारी | |
| सदस्य | पुरुषोत्तम राजभण्डारी | |
| सदस्य | नन्द कुमार तामाङ | |
| सदस्य | टेकेन्द्र राजभण्डारी | |
| सदस्य | भक्त बहादुर तामाङ | |
| सदस्य | टंकराम राई | |
| सदस्य | सुनिल राई | |
| सदस्य | अरुण राई | |
| सदस्य | जानुमाया राई | |
| सदस्य | मंगल माया राई | |
| सदस्य | कमला देवि तामाङ | |
| सदस्य | गोपि तामाङ | |
| सदस्य | जय बहादुर विश्वकर्मा | |
| सदस्य | दिनेश राई (नाछिरिङ) | |
| सदस्य सचिव | रेख बहादुर थापा (प्र.प्र.अ.) | |

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

प्रस्ताव तथा निर्णयहरुः

१. प्रशासकीय भवन निर्माणको मेलमिलाप सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको प्रशासकीय भवन निर्माणको ठेक्का नं. ARM-KHO-03/2076/077/NCB को खरिद सम्झौता गाउँ कार्यपालिकाको कार्यालयले मिति २०७८/०९/११ गते निर्माण व्यवसायी श्री रुजन के. जगदम्बा भुवनेश्वरी एण्ड बैभव जे.भि. सँग ठेक्का रद्द गरेको अवस्थामा विवाद भई निर्माण व्यवसायीले सम्मानित मध्यस्थता न्यायाधिकरण समक्ष विवाद समाधानको लागि माग दावी गरेको साथै मेलमिलाप गर्नको लागि नेपाल मध्यस्थता परिषद् (नेप्का) को मिति २०८०/०८/०५ को पत्रानुसार आपसी सहमतीमा विवाद समाधान गर्न मिति २०८०/०८/०४ को मितिबाट थप ३० को समय प्रदान भएकोले मध्यस्थ ऐन, २०५५ को परिच्छेद-२ मध्यस्थताद्वारा विवादका समाधान, दफा ३ को उपदफा (२) र परिच्छेद ६ को दफा ४० को अधिनमा रहने गरी यस कार्यालय (प्रतिवादकर्ता) को तर्फबाट तपसिल बमोजिमको शर्त प्रस्ताव गर्ने तथा उक्त कार्य गरी मेलमिलाप गर्न यस कार्यालयको तर्फबाट गाउँपालिका अध्यक्ष र उपाध्यक्ष ज्यूलाई अख्तियारीनामा प्रदान गर्न सर्वसम्मत निर्णय गरियो साथै यो निर्णयलाई विशेष गाउँसभा आह्वान गरी सभामा अनुमोदन गर्न प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१) हाल सम्म सम्पन्न भएको कामको बारेमा

क) हालसम्म काम सम्पन्न भई कैफियत रहेको तथा भुक्तानी बाँकी रहेको विषयमा कन्क्रिट आइटम बाहेक अन्य सबै आइटमहरुको मध्यस्थता न्यायधिकरणको आदेश मुताविक भएको प्राविधिक परीक्षणको प्रतिवेदनले सम्झौताको शर्त मुताविक रहेको भन्ने ठहर गरेकाले सम्झौताको दुई पक्ष बिच स्वीकृत बि.ओ.क्यु बमोजिम प्रमाणित नाप र परिमाणको भुक्तानी दिन,

ख) कङ्क्रिटको हकमा M20 को गुणस्तर कायम गर्नुपर्नेमा प्रविधिक परीक्षण प्रतिवेदनबाट M17 को गुणस्तर मापन भएकाले सोही अनुसार M20 लाई सतप्रतिशत मानि M17 को अनुपातमा हुन आउने ८५% प्रतिशत मात्र भुक्तानी दावीकर्तालाई दिन,

ग) उल्लेखित शर्त नं. १(ख) को परिमाणमा भुक्तानी दावीकर्तालाई दिनुपूर्व कङ्क्रिटका सम्बन्धमा प्रविधिक परीक्षण प्रतिवेदनले सुझाइएको **Grounting** लगायतका प्रबलिकरणको काम दावीकर्ता निर्माण-व्यवसायीबाट सम्पन्न भए पश्चात मात्र भुक्तानी प्रदान गर्न।

२) बाँकी रहेका कामका सम्वन्धमा

क) ऐसेलुर्खक गाँउपालिकाको निमाणाधीन प्रशासकीय भवनका सम्बन्धमा मध्यस्थ न्यायधिकरणको आदेश बमोजिम गठित प्राविधिक परीक्षण प्रतिवेदनमा प्रदान गरिएको राय सुझाबलाई मध्येनजर गरी उक्त भवनको जम्मा दुई तल्ला निर्माण गर्ने र माथिल्लो तल्लामा ट्रस निर्माण गरी सम्पन्न गर्ने, त्यसरी सम्पुर्ण निर्माण कार्य सम्पन्न गर्नको लागि निर्माण-व्यवसायीलाई २०८० सालको चैत्र मसान्त सम्मको समय प्रदान गर्ने र सो मितिसम्म यस अघि प्रदान गरिएको नक्सा अनुरुप दोस्रो तल्ला ट्रस छोपी निर्माण व्यवसायीले निर्माण सम्पन्न गरी गाँउपालिकालाई हस्तान्तरण गरी सक्ने।

ख) बाँकी काम सम्पन्न गर्नका लागि गाँउपालिकाको तर्फबाट निर्माण व्यवसायीलाई यसै ठेक्कामा स्वीकृत बि.ओ.क्यू को आइटम दर रेट अनुसार भुक्तानी प्रदान गर्ने र मूल्य समायोजनको हकमा सम्झौतामा व्यवस्था नभएकोले निर्माण व्यवसायीले नपाउने।

ग) कथम्कदाचित निर्माण-व्यवसायीले यस मिलापत्र बमोजिम २०८० चैत्र मसान्तभित्र यस ऐसेलुर्खक गाँउपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न गर्न नसकेमा गाँउपालिका हाल बहालमा बसिरहेको मासिक भाडा दर अनुसार निर्माण व्यवसायीले हर्जाना तिर्नुपर्ने ।

घ) यस सहमति बमोजिम बाहेक दावीकर्ता निर्माण व्यवसायीले मध्यस्थ न्यायधिकरण समक्ष दावी गरेको सम्पूर्ण दावीहरु फिर्ता लिनु पर्ने र प्रतिवादकर्ता गाँउपालिकाले आफ्नो प्रतिदावी फिर्ता लिने।

ङ) प्रतिवादकर्ता गाँउपालिका र दावीकर्ता निर्माण व्यवसायीले सौहार्दपूर्ण वातावरणमा गाँउपालिकाको प्रशासकीय भवन तोकिएको समयमा सम्पन्न गर्न एक अर्कोलाई सहयोग गर्ने गराउने र २०८० चैत्र मसान्तभित्र गाँउपलिकाको भवन निर्माण सम्पन्न गरी निर्माण व्यवसायीले हस्तान्तरण गर्ने ।

**२. एस्काभेटर सञ्चालन तथा सडक मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाबाट सडक मर्मत तथा निर्माणको लागि विनियोजन भएको सडक कार्यक्रममा गाउँपालिकाको एक्साभेटर मेसिन प्रयोग गर्नुपर्ने भएको खण्डमा उक्त योजनाको समिति गठन नगर्ने लागत अनुमान अनुसारको काम गरी कार्यसम्पन्न मूल्यांकनको आधारमा ऐसेलुखर्क गाउँपालिकाको यान्त्रिक उपकरणहरु सञ्चालन सम्बन्धि कार्यविधि (पहिलो संशोधन)२०८० बमोजिम खडा भएको कोषमा उक्त योजनामा विनियोजित भएको रकमलाई ट्रान्सफर गरी कोषमा आम्दानि बाँधी सो कोषबाटै संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**३. प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम विनियोजन सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना शीर्षकमा संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रकम बेरोजगार व्यक्तिमा सूचीकृत बेरोजगारीहरुको वडागत संख्या (८० प्रतिशत), वडागत भूगोल (१० प्रतिशत) र वडागत जनसंख्या (१० प्रतिशत) को आधारमा तपसिल बमोजिम बाडँफाडँ गर्ने निर्णय गरियो ।

तपसिल

प्रधानमन्त्री रोजगारकार्यक्रम

आ.व. २०८१/०८१

१. रोजगारी सिर्जना-नेपाल सरकार- २६,८०,००० (छब्बीस लाख असि हजार)

| वडा नं. | विनियोजित बजेट | कैफियत |
|---|---|---|
| २ | १०,८६,१९२/- | १६ जना |
| ५ | ६,४०,३१२/- | १० जना |
| ७ | ९,५३,४९६/- | १४ जना |
| | २६,८०,०००/- | ४० जना |

| २. रोजगारी सिर्जना-आई.डि.ए. सोधभर्ना- २६,८५,०००/- (छब्बीस लाख पचासी हजार) | | |
|---|---|---|
| वडानं. | विनियोजित बजेट | |
| १ | ६,८४,०००/- | १० जना |
| ३ | ७,५२,४००/- | ११ जना |
| ४ | ४,२७,८००/- | ७ जना |
| ५ | ४,१०,४००/- | ६ जना |
| ६ | ४,१०,४००/- | ६ जना |
| | २६,८५,०००/- | ४० जना |

**४. त्रिभुवन मा.वि. छात्राबास निर्माण र ऐसेलुखर्क बजार ढलान स्रोत सुनिश्चितता सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को स्वीकृत त्रिभुवन मा.वि. छात्राबास निर्माणको लागि पेश हुन आएको लागत अनुमान रकम रु. ७९,९०,०३३.७३/- (मू.अ.कर, पि.एस. र कन्टेन्जेन्सी सहित) र ऐसेलुखर्क बजार ढलान शीर्षकको लागि पेश हुन आएको लागत अनुमान रकम रु. १,४२,८५,७१५/- (मू.अ.कर, पि.एस. र कन्टेन्जेन्सी सहित) को प्राविधिक लागत अनुमान प्रतिवेदन बमोजिम टेन्डर आह्वान गर्ने र अपूग हुन आउने रकम आगामी आ.व. बजेट विनियोजन गरी भुक्तानीको व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो ।

**५. खेलाडी खर्च भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८०/०७/१७ देखि मिति २०८०/०७/२२ गतेसम्म सिद्धिचरण न.पा.-५, ओखलढुङ्गामा सञ्चालन भएको खुला जिल्ला स्तरीय तेक्वान्दो प्रतियोगितामा यस ऐसेलुखर्क गाउँपालिकाबाट सहभागी २४ जना खेलाडीहरुलाई खेलाडी यातायात तथा खानाखाजा खर्च वापद रु. ५०,०००/- खेलकुद कार्यक्रम सञ्चालन तथा खेलाडी यातायात खर्च शीर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**६. सडक मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिल बमोजिमका सडकहरु मर्मत गर्नको लागि मर्मत सम्भार कोष शीर्षकबाट बजेट विनियोजन गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

१. अल्छे आले पाडेचौर सडक सोलिङ वडा नं.-६ -रु.८२,३६५/-

२. भीरपानी छ्यागे सडक सोलिङ-वडा नं.-७ -रु.१,८६,५००/-

**७. गा.पा. अध्यक्ष ज्यूको भ्रमण स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको तपसिल बमोजिमको भ्रमण स्वीकृत गरी अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

१. मिति २०८०/०४/१६- २०८०/०४/२२- काठमाडौं
२. मिति २०८०/०५/२०-२०८०/०५/२६- काठमाडौं
३. मिति २०८०/०८/०३- २०८०/०८/०९- काठमाडौं

**८. जग्गा लिजको लागि सिफारिस गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा तल्लो मध्य रावा खोला जलविद्युत आयोजना प्रा.लि.को प.स. २०८०/०८१, च.नं. १२, मिति २०८०/०७/१७ गतेको पत्रानुसार तल्लो मध्य रावा खोला जलविद्युत आयोजना (४ मे.वा.) को लागि ऐसेलुखर्क गाउँपालिका वडा नं. १, राखा वाङ्देल र केपीलासगढी गा.पा. वडा नं. ५ स्थित नक्से भन्ने स्थानमा रावा खोला किनारको River Bed and Flood Plain ०.६ हेक्टर स्थायी प्रयोजनार्थ र ०.५ हेक्टर अस्थायी प्रयोजनार्थ जग्गा लिजमा माग भई आएकोले ऐसेलुखर्क गाउँपालिका वडा नं. -१ राखा वाङ्देल साविक राखा वाङ्देल गा.वि.स. वडा नं. ०४ नक्सेदेखि साविक वडा नं.-१ पिपिचासम्म आयोजनालाई लिजमा उपलब्ध गराइ दिन मालपोत कार्यालय, खोटाङलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**९. मेड्पा कार्यक्रम स्वीकृती सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को लागि तपसिल बमोजिमको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

**लघु उद्यम विकासका लागि कार्य योजना**

**ऐसेलुखर्क गाँउपालिका खोटाङ**

**आ.व.२०८०/०८१**

| | क्रियाकलाप | इकाई | लक्ष्य | समय चौमासिक पहिलो | दोस्रो | तेस्रो | मेड्पा परियोजना बजेट रु. | गाउँपालिकाको तर्फबाट रु | जम्मा रु | मुख्य जिम्मेबार व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (क) नयाँ उद्यमी सिर्जना | | | | | | | | | | | |
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | पटक | १ | | | | ३९३४० | ० | ३९३४० | शाखा प्रमुख /EDFशाखा | |
| १.१ | स्थानियतहको अभिमुखीकरण सम्पन्न | पटक | २ | | | | | | | | |
| १.२ | पि.आर.ए. (सहभागितामुलक ग्रामिण लेखाजोखा) | पटक | ४० | | | | | | | | |
| १.३ | घरधुरी सर्वेक्षण सम्पन्न (फारम ए) | वटा | ४० | | | | | | | | |
| १.४ | सम्भाव्य लघु उद्यमीका रुपमा सहभागीहरुको छनौट | जना | ३५ | | | | | | | | |
| १.५ | भैरहेको उद्यमीहरु कार्यक्रमको लागि सम्भाव्य उद्यमीका रुपमा पहिचान गरिएको फारम सि | जना | २० | | | | | | | | |
| १.६ | बजार सर्वेक्षण सम्पन्न (फारम डी) | वटा | ० | | | | | | | | |

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.७ | उपयुक्त प्रविधि अध्ययन सम्पन्न (फारम ई) | वटा | ० | | दो स्रो | | | | | | |
| १.८ | श्रोत सम्भाव्यता अध्ययन सम्पन्न (फारम एफ) | वटा | ० | | | | | | | | |
| १.९ | वातावरण परीक्षण सम्पन्न (फारम जी) | वटा | ० | | | | | | | | |
| १० | लघु उद्यमी समुहको गठन तथा परिचालान | वटा | ३ | | | | | | | | |
| | | | | | | | | | | | |
| २ | उद्यमशीलता विकास तालिम | पटक | २ | | | | ९१७९२ | ० | ९१७९२ | शाखा प्रमुख /EDFशाखा | |
| २.१ | उद्यमशीलता विकास तालिम टोपे टोसे र लैङ्गीक सचेतना सञ्चालन | जना | ३५ | | | | | | | | |
| २.२ | व्यावसायिक योजना तयार | वटा | ३ | | | | | | | | |
| २.३ | उद्यम व्यावसायको छनौट | वटा | ३ | | | | | | | | |
| | | | | | | | | | | | |
| ३ | प्राविधिक सिप विकास | पटक | ३ | | | | ५०४८६० | ० | ५०४८६० | शाखा प्रमुख /EDFशाखा | |
| ३.१ | व्यावसायिक योजनाका आधारमा छनौट भएका उद्यमको आधारमा सीप विकास तालिम | जना | २९ | | | ते स्रो | | | | | |
| | | | | | | | | | | | |
| ४ | लघु वित्तमा पहुँच | पटक | १ | | | | ३३३१० | ० | ३३३१० | शाखा प्रमुख /EDFशाखा | |
| ४.१ | लघु उद्यमी र वित्तय सेवा प्रदायकसंग अन्तरक्रिया | जना | २९ | | | ते स्रो | | | | | |
| ४.२ | लघु कर्जा प्राप्त गर्ने उद्यमीहरुको संख्या | | ० | | | | | | | | |
| ४.३ | लघु कर्जाको विमाको तयारी सहजिकरण | | ० | | | | | | | | |
| | | | | | | | | | | | |
| ५ | उपयुक्त प्रविधिमा पहुँच तथा हस्तान्तरण | जना | २९ | | | | १९६६९८ | ० | १९६६९८ | शाखा प्रमुख /EDFशाखा | |
| ५.१ | उपयुक्त प्रविधि आपूर्ति गर्ने संस्थाहरुको रोस्टर तयारी | | ० | | | ते स्रो | | | | | |
| ५.२ | प्रविधि आपुर्तिकर्ताहरुसंग सम्बन्ध बिस्तार | | ० | | | | | | | | |
| ५.३ | उपयुक्त प्रविधि हस्तान्तरण | | ० | | | | | | | | |
| | | | | | | | | | | | |
| ६ | बजार सम्बन्धन विकास | जना | २९ | | | | ३६००० | ० | ३६००० | शाखा प्रमुख /EDFशाखा | |
| ६.१ | उद्यमी र केताहरु बिच अन्तरकिया | | ० | | | ते स्रो | | | | | |
| ६.२ | बजार प्रवर्द्धनात्मक कियाकलापहरु | | ० | | | | | | | | |
| ६.३ | अन्य बजार विकास सम्बन्धी | | ० | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्रियाकलापहरु | | | | | | | | | | |
| ७ | व्यावसायिक परामर्श सेवा | पटक | १ | | | | | | | | |
| ८ | उद्यम विकास सहजकर्ता परिचालन | जना | १ | | | | | | | | |
| ८.१ | कर्मचारी तलब भत्ता | जना | १ | पहिलो | | | ० | ३९१३३० | ३९१३३० | लेखा शाखा | गा.पा. को कर्मचारी तलब भत्ता शिर्षक बाट |
| ८.२ | चाडपर्व खर्च | जना | १ | | | | ० | ३२६१० | ३२६१० | | |
| ८.३ | पोशाक भत्ता | जना | १ | | | तेस्रो | ० | १०००० | १०००० | | |
| ८.४ | उद्यम विकास सहजकर्ता सञ्चार खर्च | जना | १ | | दोस्रो | | ६००० | ० | ६००० | | |
| ८.५ | शाखा प्रमुख सञ्चार खर्च | जना | १ | | | | १२००० | ० | १२००० | | |
| ९ | नयाँ लघु उद्यमीहरु सिर्जना संख्या | जना | २९ | | | | | | | | |
| १० | जम्मा बजेट | | | | | | ९२०००० | ४३३९४० | १३५३९४० | शाखा प्रमुख /EDFशाखा | |
| | | | | | | | | | | | |
| ख | भैरहेको उद्यमीहरुको स्तरोन्नति | जना | २० | | | तेस्रो | २४०००० | ० | २४०००० | | |
| १ | स्तरउन्नतिको लागि आवश्यक पहिचान | जना | ४० | | | | | | | | |
| २ | पुनर्ताजगी तथा स्तरउन्नति तालिम | जना | २० | | | | | | | | |
| ३ | प्रविधि हस्तान्तरण तथा प्रविधि पहुँचका लागि सहजीकरण | पटक | १ | | | | १४०००० | ० | १४०००० | शाखा प्रमुख /EDFशाखा | |
| ४ | बजारीकरणमा सहयोग | जना | २९ | | | | | | | | |
| ग | स्तरउन्नतिबाट थप रोजगारी सिर्जना हुने संख्या | जना | २० | | | | | | | | |
| घ | कुल रोजगारी सिर्जना हुनेको संख्या | जना | २९ | | | | | | | | |
| | गरिबीको रेखाबाट माथि आउने लघु उद्यमीको संख्या | जना | २९ | | | | | | | | |
| | कुल जम्मा गा. पा. कोष सहितको बजेट | | | | | | १३,००,०००/- | ४,३३,९४०/- | १७,३३,९४०/- | | |

## १०. आर्थिक सहायताको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकामा मितिः२०८०-०६-१७ गते संचालन भएको बृहत गन्धर्व सांस्कृतिक अभियान कार्यक्रम-२०८० को लागि आयोजक श्री पूर्वाञ्चल गन्धर्व संस्कृति उत्थान समाज, केचनाकवल-२, झापालाई आर्थिक सहायता कोषबाट रु.३३,३३३/- अक्षेरुपी रु. तेत्तिस हजार तीन सय तेत्तिस मात्र आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

## ११. लोक सेवा आयोगबाट कर्मचारी माग सम्बन्धमा ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, विराटनगरसँग यस ऐसेलुखर्क गाउँपालिकामा रिक्त तपसिल बमोजिमका पदहरुमा स्थायी कर्मचारी पदपूर्तिका लागि तपसिल बमोजिमको माग आकृति फारम भरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

| माग आकृती फारम २०८०/०८१ | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालय र स्वास्थ्य संस्थाको प्रस्तावित कुल दरबन्दी तेरिज | | | | | | | | | | | | | |
| ऐसेलुखर्क गाउँपालिका तथा मातहतका वडा कार्यालय तर्फको दरबन्दी तेरिज | | | | | | | | | | | | | |
| क.स. | सेवा | समूह/उपसमूह | श्रेणी | पद | कुल स्वीकृत दरबन्दी | कार्यरत संख्या | रिक्त संख्या | | | जम्मा रिक्त पद | माग संख्या | अवकास राजीनामा मुत्यु कारबाहीमा परि रिक्त हुनेहरुको विवरण | कैफियत |
| | | | | | | | बढुवा | अवकाश | अन्य | | | | |
| १ | इन्जिनियरिङ | सिभिल | अधिकृत छैठौं | इन्जिनियर | १ | ० | | | सरुवा | १ | १ | | |
| २ | कृषि | बालि विज्ञान | छैठौं | अधिकृत | १ | ० | | | | १ | १ | | |
| ३ | प्रशासन | सामान्य प्रशासन | छैठौं | अधिकृत | २ | ० | | | | २ | २ | | |
| ४ | प्रशासन | सामान्य प्रशासन | पाँचौ | सहायक | ७ | २ | | | | ५ | ५ | | |
| ५ | इन्जिनियरिङ | सिभिल | पाँचौ | सव इन्जिनियर | ४ | ० | | | | ४ | ४ | | |
| ६ | कृषि | लापोडेडे | पाँचौ | पशु सेवा प्राविधिक | २ | ० | | | २ | २ | २ | | |
| ७ | कृषि | भेटेरिनरि | पाँचौ | पशु स्वास्थ्य प्राविधिक | १ | ० | | | १ | १ | १ | | |
| ८ | कृषि | लापोडेडे | चौथौ | नायब पशु सेवा प्राविधिक | २ | १ | | | १ | १ | १ | | |
| ९ | कृषि | बालि विज्ञान | पाँचौ | प्राविधिक सहायक | १ | ० | | | १ | १ | १ | | |
| १० | इन्जिनियरिङ | स्यानिटरी | चौथौ | खा.पा.स.टे | १ | ० | | | १ | १ | १ | | |
| ११ | इन्जिनियरिङ | सिभिल | चौथौ | अ.स.ई. | ५ | २ | | | ३ | ३ | ३ | | |
| ऐसेलुखर्क गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्था तर्फको दरबन्दी तेरिज | | | | | | | | | | | | | |
| १२ | स्वास्थ्य | ज.हे.स. | आठौं | मेडिकल अधिकृत | १ | ० | | | १ | १ | १ | | |
| १३ | स्वास्थ्य | हे.ई. | पाँचौ | हेल्थ असिस्टेन्ट | ७ | १ | १ | | | ६ | ६ | | |
| १४ | स्वास्थ्य | प.हे.न. | पाँचौ | स्टाफ नर्स | १ | ० | | | १ | १ | १ | | |
| १५ | स्वास्थ्य | मे.ल्या.टे. | चौथौ | ल्याब असिस्टेन्ट | १ | ० | | | | १ | १ | | |
| १६ | स्वास्थ्य | हे.ई. | चौथौ | अ.हे.ब. | १५ | ७ | | | | ८ | ८ | | |
| १७ | स्वास्थ्य | प.हे.न. | चौथौ | अ.न.मि. | १५ | ८ | | | | ७ | ७ | | |

वीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष